आज मिति २०८३/०२/२८ गते विहिवारका दिन यस मिर्चैया नगरपालिकाको नगर प्रमुख श्री श्रवण कुमार यादवज्यूको अध्यक्षता तथा नगरकार्यपालिका सदस्य ज्यूहरुको उपस्थितीमा तपसिल वमोजिमको प्रस्तावहरुमाथि छलफल गरी निर्णय गर्न नगरकार्यपालिकाको वैठक वसियो ।

## उपस्थिती

| | |
|---|---|
| नगर प्रमुख | श्री श्रवण कुमार यादव |
| उप प्रमुख | श्री जिबछी देवी साह |
| वडा अध्यक्ष वडा नं.१ | श्री रुपेश कुमार महतो |
| वडा अध्यक्ष वडा नं.२ | श्री हरिराम श्रेष्ठ |
| वडा अध्यक्ष वडा नं.३ | श्री पबित्रि देवी यादव |
| वडा अध्यक्ष वडा नं.४ | श्री दिलिप कुमार सिंह |
| वडा अध्यक्ष वडा नं.५ | श्री प्रदिप कुमार साह |
| का.बा.वडा अध्यक्ष वडा नं.६ | श्री राम प्रकाश साह |
| वडा अध्यक्ष वडा नं.७ | श्री राम दयाल ठाकुर बरही |
| वडा अध्यक्ष वडा नं.८ | श्री बिरेश्वर यादव |
| वडा अध्यक्ष वडा नं.९ | श्री दिनेश कुमार मण्डल |
| वडा अध्यक्ष वडा नं.१० | श्री संजय कुमार साह |
| का.बा.वडा अध्यक्ष वडा नं.११ | श्री मनिकलाल यादव |
| वडा अध्यक्ष वडा नं.१२ | श्री मनेलाल यादव |
| मनोनित सदस्य | श्री विनोद प्रसाद महतो |
| मनोनित सदस्य | श्री दिपेश कुमार सिंह |
| महिला मनोनित सदस्य | श्री जरिना खातुन |
| महिला मनोनित सदस्य | श्री अनिता देवी कापैर |
| महिला मनोनित सदस्य | श्री आशा कुमारी यादव |
| महिला मनोनित सदस्य | श्री निर्मला विश्वकर्मा |
| महिला मनोनित सदस्य | श्री नरघिमा लामा |
| प्रमुख प्रशासकीय अधिकृत | श्री केशव प्रसाद रिजाल (सचिव) |
| सहयोगी उपस्थित | श्री शिव कुमार साह |

**प्रस्तावहरु**

१.स्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिको वैठक सम्वन्धमा ।

२.नगरसभाको मिति,समय र स्थान निर्धारण सम्वन्धमा ।

३.घ वर्गको इजाज्त पत्र सम्वन्धमा ।

४.आर्थिक सहायता सम्वन्धमा ।

५.रनिंग विलको रकम भुक्तानी सम्वन्धमा ।

६.मर्मत सम्भार सम्वन्धमा ।

७.विविध ।

**निर्णयहरु**

**१ प्रस्ताव नं.१ माथि छलफल गर्दा** यस मिर्चैया नगरपालिकामा रहेको स्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिको मिति २०८३/०१/१० गते वसेको वैठकवाट गरेको स्रोत अनुमान तथा वजेट सिमा निर्धारण र सिलिङ्ग लगायतको सो निर्णयको समर्थन गर्ने निर्णय गरियो ।

**२.प्रस्ताव नं.२ माथि छलफल गर्दा** यस मिर्चैया नगरपालिकाको १७ औ नगर अधिवेशन तपसिल वमोजिमको मिति,समय र स्थानमा संचालन गर्ने निर्णय गरियो ।

**तपसिल**

मिति : २०८३/०३/१० गतेदेखी

समय : विहान ७ वजेदेखी

स्थान :

**३.प्रस्ताव नं.३ माथि छलफल गर्दा** तपसिल वमोजिमको विवरण भएको संस्थालाई घ वर्गको निर्माण व्यवसायी इजाज्त पत्र दिन स्वीकृती दिने निर्णय गरियो ।

तपसिल

| सि.न. | संस्थाको नाम | ठेगाना | संचालकको नाम | ठेगानाक | कैफियत |
|---|---|---|---|---|---|
| १ | युवराज एण्ड उर्वशी विल्डर्स प्रा.लि. | मिर्चैया ८ | जय प्रकाश साह | मिर्चैया ८ | |

**४.प्रस्ताव नं.४ माथि छलफल गर्दा** मिर्चैया नगरपालिका वडा नं.९ मा वस्ने विश्वनाथ उपाध्यायको छोरा नरेन्द्र प्रसाद पोखरेलले मुटु सम्वन्धी रोग लागी उपचाररत रहेको र आवश्यक आर्थिक सहायताको लागि वडा नं.९ को कार्यालयको च.न.१०२१ मिति २०८३ ज्येष्ठ ११ गतेको पत्रवाट समेत लेखी आएकोले निजलाई रु.२० हजार आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

**५.प्रस्ताव नम्बर ५ माथि छलफल गर्दा** मिर्चैया न.पा.को ठेक्का नम्वर 3MM -NCB-Building works 2078/79 को Construction of 15 bed primary Hospital Building work at Mirchaiya Municipality -02 को छैठौं रनिंग विलको कुल रकम रु २,६३,७४,७१९।७८ भुक्तानी गर्नु पर्नेमा उक्त रकमको रु १,७२,०६,७१९।६९ पेश्की फर्छ्यौट गरि आ.व. २०८२।०८३ को संघिय सरकारबाट हस्तान्तरित अनुदान तर्फको योजना "पालिका अन्तर्गत निर्माधिन ५।१०।१५ सैया आधारभुत अस्पताल मोबिलाइजेशन तथा सृजित दायित्व भुक्तानी " शिर्षक मा विनियोजित रु १४,००,०००।०० बाट भुक्तानी दिने र भुक्तानी गर्न अपुग रकम न.पा. तर्फको स्वीकृत योजना नगरस्तरिय भौतिक पुर्वाधार निर्माण कार्य शिर्षकवाट भुक्तानी दिने निर्णय गरियो ।

**६.प्रस्ताव नम्वर ६ माथि छलफल गर्दा** यस नगरपालिकाको मर्मत सम्भार शिर्षक र मर्मत सम्भार कोषमा रहेको रकमवाट वर्षात लगायतको कारणवाट वाटो विग्रिदा आवत जावत अवरुद्ध हुँदा देहाय वमोजिमको सडकहरु मर्मत सम्भार कार्य तत्कालै गर्ने निर्णय गरियो ।

तपसिल

| सि.न. | ठेगाना | योजनाको नाम | रकम |
|---|---|---|---|
| १ | मि.न.पा.३ र १२ | वडा नं.३ र १२ को रमपुरा सिकोन,सिसवोनी राघोपुर ग्राभेल सडक मर्मत सम्भार कार्य | १० लाख |
| २ | मि.न.पा.७ र ८ | वडा नं.७ र ८ फुलवरीया,लिखटोल,एकताटोल,भगवतपुर भगौवा जोडने ग्राभेल सडक मर्मत सम्भार कार्य | १० लाख |
| ३ | मि.न.पा.४,५ र ६ | वडा नं.४,५ र ६को शान्ति चिया पसलदेखी बभन टोली सम्मको ग्राभेल सडक मर्मत सम्भार कार्य | १० लाख |
| ४ | मि.न.पा.४ र ५ | गर्दी रोड र सो वडा भित्रको अन्य ग्राभेल सडक वाटो मर्मत सम्भार कार्य | ५ लाख |